# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

**खण्ड:१** | **संख्या:२१** | **मितिः २०७४/१२/२८**


## भाग-२
## सानीभेरी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७४ सालको निर्देशिका

### सानीभेरी बाल क्लव/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका २०७४

सानीभेरी गाँऊपालिका सिम्ल रुकुम (पश्चिम)

**प्रमाणीकरण मिति : २०७४/१२/२५**

**स्थानीय राजपत्रमा प्रकाशित मिति :**

**मन्तब्य**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले बालबालिकाको सहभागिताको हकलाई मौलिक हकको रुपमा पहिलो पटक स्वीकार गरेको छ । बालबालिकाको सहभागिताको हकको महत्वपूर्ण र अभिन्न पक्ष उनीहरुको संगठन स्वतन्त्रताको हक पनि हो । यसै सन्दर्भमा बाल मैत्री स्थानीय सुशासनको सफल बाल सभागिताको अभ्यास र बालबालिकाको सँगठन स्वतन्त्रताको अधिकारको संरक्षण र संवर्द्धन गर्दै नेपालमा बाल समुहहरुलाई ब्यबस्थित ढंगले क्रियाशिल बनाउन सहयोग पुगोस भन्ने उद्देश्यले बाल समुह तथा सञ्जाल गठन तथा सहजीकरण कार्याविधि २०७४ तयार गरिएको छ । _शक्तिको अधिकतम विकेन्द्रीकरण र स्थानीय तहको स्वायत्त अभ्यासको नयाँ नेपालको प्रवेश चरणमा बाल समुहहरुको गठन र सञ्चालनमा यो कार्याविधिले बालक्लवकाको सशक्तीकरण र एकद्धार प्रणाली मार्फत संचालन गर्नका लागि उपयोगी हुने अपेक्षा गरिएको छ । यस कार्याविधि तयारीका क्रममा समन्वय र प्राबिधिक सहयोग गर्नुहुने सेभ द चिल्ड्रेन, रुकुमेली समाज बिकास केन्द्र, रुकुम लगायत अन्य सरोकारवालाहरु प्रति हार्दिक धन्यबाद दिन चाहन्छु । यस प्रकृयामा संलग्न भइ आफ्ना अनुभव र सिकाइहरु उपलब्ध गराउने हुने बाल सहभागिताका विज्ञहरु, अधिकारकर्मीहरु,साथै यस प्रकृयालाई ब्यबस्थित ढंगले अगाडी बढाउन सहयोग गर्नुहुने यस जिल्ला वालकल्यान समितिलाई धन्यबाद दिन चाहन्छु। यस बालक्लव संचालन कार्याविधि २०७४ लाई अन्तिम रुप दिई समन्वय र प्राबिधिक सहयोग गर्नुहुने सेभ द चिल्ड्रेन रुकुमेली समाज बिकास केन्द्र र जिल्ला वालकल्यान समिति रुकुमलाई हार्दिक धन्यबाद दिन चाहन्छु । यस कार्याविधि बमोजिम यस गाँउपालिकामा बिद्यालय तथा समुदाय स्तरमा गठन भई क्रियाशिल बालक्लवहरुको क्षमता बिकासका साथै उनीहरुको

नेतृत्व बिकास हुनका लागि एकद्धार प्रणाली मार्फत व्यवस्थित हुनेछन् भन्ने अपेक्षा गर्दै , यस सानीभेरी गाँउ पालिकाले प्रभावकारी कार्यन्वयन हुने अपेक्षा गर्दछौ । _धन्यवाद

## प्रस्तावना

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हनु पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पऱ्याउन, नेपाल सरकारले लागू गरि आएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल समहू गठन तथा सहजीकरण प्रक्रियालाइ व्यवस्थित र प्रभावकारी ढंगले लागु गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले नेपाल सरकार, सँघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यो निर्देशिका जारी गरेकाले यहि निर्देशिकालाई प्रभावकारी रुपमा स्थानिय तहसम्म कार्यान्वयन गर्नका लागि यस सानीभेरी गाँऊ पालिका रुकुम पश्चिमले स्थानियकरण गरि जारी गरेको छ ।

### परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस निर्देशिकाको नाम बाल क्लव  गठन तथा सहजीकरण निर्देशिका २०७४ रहको छ ।

२) यो निर्देशिका तुरुन्तै लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

**१. स्थानीय तह :** स्थानीय तह भन्नाले गाँऊ पालिका तथा नगरपालिका, उपमहानगरपालिका, महानगरापालिका र त्यस अन्तर्गत रहने वडा कार्यालय समेतलाई जनाउनेछ ।

**२. सेवा प्रदायक कार्यालय :** नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका स्वास्थ्य चौकि, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकि तथा गैह्र सरकारी निकायहरुलाई जनाउनेछ

**३. बाल समुह :** यस निर्देशिका बमोजिम गठन भई स्थानीय तहमा सुचिकृत भएका १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुको सँगठनलाई जनाउनेछ ।

**४. बाल सञ्जाल :** यस निर्देशिका बमोजिम गठन भएका बाल समुहहरुको सञ्जाललाई जनाउनेछ ।

**५. विशिष्टीकृत बाल समुह** : विश्वब्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समुहहरु : जुनियर रेडक्रस, राष्टीय रोट्याक्ट क्लब, लियो क्लब, रेयुकाइ समहु जस्ता विशेष समुहलाई जनाउँदछ ।

**६. सहजकर्ता :**  बाल समुहको गठन तथा सञ्चालनका लागि यस निर्देशिका बमोजिम नियुक्त ब्यक्तिलाई जनाउँदछ ।

**७. सहयोगी संस्था :** स्थानीय तहमा बाल समुहलाई सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका अनुमती प्राप्त गैरसरकारी संस्थाहरु  ।

**८. सामाजिक परिचालक :**स्थानीय तहमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न नियुक्त सामाजिक परिचालक ।

**९. संरक्षक शिक्षक :** विद्यालयमा बाल समुहलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षक ।

**३. निर्देशिकाको उद्देश्य**

यस निर्देशिकाले निम्न उद्देश्य लिएको छ :

१. बालबालिकाको सँगठन स्वतन्त्रताको अधिकारलाई ब्यबस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

२. बाल समुहहरुको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपुर्ण, नैतिक, सुरक्षीत र पारदर्शी तथा समावेशी बनाउने ।

३. बाल मैत्री स्थानीय सुशासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुर्याउने ।

४) बालक्लवहरुलाई एकद्धारा प्रणालीमा मार्फत क्रियाशिल गरि बालसहभागीतको सुनिश्चितताको लागि सहयोग गर्ने ।

५) सवै बालक्लव वा समुहहरुको गठन, क्षमता बिकास र परिचालनमा एक रुपता ल्याउने ।

**४. निर्देशिकाको कार्यान्वयन**

१. स्थानीय तहमा बाल समुह गठन तथा सहजीकरणका लागि यस निर्देशिका बमोजीम गर्नु गराउनु सबै स्थानीय तहहरुको दायित्व हुनेछ ।

२. बाल सहभागिता तथा बाल समुह सहजीकरणमा क्रियाशिल राष्टीय गैसस, अन्तर्राष्टीय गैसस तथा विकास साफ्ेदारहरुले यस निर्देशिाको प्रचार प्रसार गर्नु र यस बमोजिम गर्न गराउनु उनीहरुको जिम्मेवारी हुनेछ ।

३. विशिष्टकृत बाल समुहहरुको सन्दर्भमा यो निर्देशिका लागु हुनेछैन ।

## परिच्छेद २ : बाल समुहको गठन प्रकृया

### ५. बाल समुहका किसीम

**१. बाल समुह भन्नाले :** सामान्यतया ३० जना वा सो भन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समुहलाई नै बाल समुह मानिनेछ ।

२. सबै बाल समुहहरु स्थानीय निकायमा अनिवार्य सुचिकृत र नविकरण हुनपर्नेछ ।

३. एक विद्यालय र एक समुदायमा एक बाल समुह रहनेछ । विभिन्न उमेर र विषयगत बाल समुहहरु सोही बाल समुह अन्तर्गत उप समुहका रुपमा क्रियाशिल हुन सक्नेछ ।

४. बाल समुहको गठन गर्दा तल दिइएका ३ वटा उमेर समुहका (५ देखि ११ बर्ष उमेर समुह, १२ देखि १५ बर्ष उमेर समुह र १६ देखि १८ बर्ष उमेर समुह ) आधारमा छुट्टा छुट्टै गठन गर्न सकिने छ ।

५. बाल समुह सामान्यतया ५ प्रकारका हुनेछन् :

### ५.१ समुदायमा आधारित बाल समुहहरु :

- कुनै निश्चित भुगोलभित्रका बालबालिकाहरुलाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समुहलाई समुदायमा आधारीत बाल समुह भनिनेछ ।
- नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडा भित्र बाल समुह गठन गर्न सकिन्छ ।
- यस्ता बाल समुहले सम्बन्धित भुगोल भित्रका सबै उमेर लिंग, जाती, आर्थिक हैसियत तथा शारिरिक अवस्थाका बालबालिकाहरुलाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागीता हुने सुनिश्चित गरिनुपर्नेछ ।
- यसरी बन्ने बाल समुहमा उक्त क्षेत्रभित्र बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।

### ५.२ विद्यालयमा आधारित बाल समुहहरु :

- कुनै विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समुहलाई विद्यालयमा आधारित बाल समुह भनिनेछ ।
- विद्यालयमा आधारित बाल समुहहरुले सबै जातजाती, कक्षा, लिंग र शारिरिक हैसियतका बालबालिकाहरुको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ।
- यसरी बन्ने बाल समुहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भइ अध्ययनरत हुनुपर्दछ ।

### ५.३ विषयगत बाल समुहहरु :

- विषयगत रुपमा निश्चित विषयहरु जस्तै बालिकाहरुको मात्र सवाल, जलबायु परिवर्तन, बाल श्रम, एच आइ भि एड्स जस्ता विषयहरुमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल समुहहरु गठन गर्न सकिनेछ ।
- समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका बाल समुहलाई विषयगत बाल समुह मानिनेछ ।
- विद्यालयभित्र यस्ता बाल समुह गठन भएमा उक्त समुहलाई विद्यालय स्तरीय बाल समुहकै उपसमुह मानिनेछ ।

### ५.४ विशिष्टीकृत बाल समुह :

- अन्तर्राष्टीय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा सँगठनहरु, नेपाल सरकारका विशिष्टकृत निकायले विशेष प्रकृतीका आफ्नो संस्थागत बाल समुह गठन गर्न सक्नेछन् । जस्तै जुनीयर रेडक्रस, स्काउट, लियो, रोट्याक्ट, आदि ।
- यीनीहरुको गठन र ब्यबस्थापन विधि स्वयं यसका महासँघ, संरक्षक निकाय तथा स्थापीत मान्यता र विधानहरुबाट सञ्चालित हुनेछन् ।

### ५.५ बाल समुह सञ्जाल :

- स्थानीय तह गाँऊ / नगर पलिका र वडा स्तरमा सुचीकृत भएका बाल समुहहरु एक आपसमा भेला भइ एक आपसका काम र अभियानहरुलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई सामुहिकीकरण गर्न बाल समुह सञ्जाल गठन गरिनेछ ।
- यसरी बाल समुह सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारीत तथा विषयगत बाल समुहहरु सम्मीलत हुन सक्नेछन् ।

## ६. बाल समुह गठनका लागि सुचना, भेलाको आयोजना तथा अभिमुखिकरण

१. समुदायमा आधारित बाल समुह गठन गर्न चाहने जो कोहिले पनि बाल समुह गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्युनतम पनि **७** दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरुलाई खुला सुचना दिनुपर्नेछ ।

२. यसरी दिइने सुचना सरल नेपाली भाषामा र आवश्यक्ता अनुसार स्थानीय समुदायको अन्य भाषाहरुमा समेत दिनुपर्नेछ ।

३. सुचना उपलब्ध गराउने विधिमा स्थानीय बिद्यालय भवन, वडा कार्यालय, नागरिक सुचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समुहका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकि, विद्यालय र पहुँचमा आएका बालबालिकाहरुलाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

४. बाल समुह गठन गर्ने भेलामा न्युनतम पनि ३० जना बालबालिकाहरुको उपस्थिती हुन जरुरी छ ।

५. बाल समुहको गठन गर्ने भेला बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षीत स्थानीय सार्वजनिक स्थल वा भवनहरुमा आयोजना गरिनुपर्दछ ।

६. बाल समुह गठन भेलामा निम्न विषयहरुमा अभिमुखिकरण तथा छलफल गरिनुपर्दछ :
*बाल अधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नितिगत ब्यबस्थाहरु, स्थानीय तहमा बाल समुह गठन गर्नुको कारण र योजना, बाल समुहको मुख्य उद्देश्य र कार्यक्रमहरु ।*

७. अभिमुखिकरण तथा जानकारीहरु सरल र बालबालिकाले बुझ्ने भाषमा गरिनुपर्दछ । यदी बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाइनुपर्नेछ

८. भेलामा सहभागी सबै बयस्क तथा बालबालिकाहरुको छुट्टाछुट्टै उमेर, जातजाती र लिंग समेत जनाउने गरी उपस्थिती गराउनुपर्नेछ ।

९. विद्यालयमा आधारित बाल समुह गठन गर्दा भने विद्यालय भित्र सबै कक्षामा सुचना प्रदान गरिनुपर्दछ । भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, तोकिएको शिक्षक वा ब्यबस्थापन समितिका अध्यक्षको उपस्थितीमा गरिनुपर्नेछ ।

१०. विषयगत बाल समुह गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सुचना गर्ने र भेलाको आयोजना गरिनुपर्नेछ ।

## ७. नेतृत्व चयन

१. बाल समुह गठन गर्न नियम ६ बमोजिमको भेलामा सहभागी बालबालिकाहरुको सहमती भएमा बाल समुहको नेतृत्व चयन गरिनुपर्नेछ ।

२. बाल समुहको नेतृत्व तल उल्लेखित मध्ये कुनै एक विधिबाट चयन गर्न सकिनेछ । कुन विधिबाट चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकाहरुमार्फ छलफल गरी तय गरिनुपर्नेछ :

- ✓ **बहुपदीय नेतृत्व :** बाल समुहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरु तय भएको नेतृत्व ।
- ✓ **चक्रिय नेतृत्व :** बाल समुहमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रकृया आगामी बैठकहरुमा दोहोरिँदै जाने ।

३. बाल समुहको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय सम्म बनाउन सकिनेछ ।

४.बाल समुहले आवश्यक्ता अनुसार उपसमितिहरु गठन गरी कार्यक्रमहरु गर्न सक्छन् उपसिमितिमा ३ देखि १५ जना सम्म सदस्य बन्न सक्नेछन् ।

५.बाल समुहको नेतृत्वमा **उपलब्ध भएसम्म** ५० प्रतिशत बालिका, ३० प्रतिशत दलित, ५ प्रतिशत अपाँगता भएका सदस्यहरुका लागि सिट संख्या आरक्षित गराइनुपर्नेछ ।

६. एकै बालक वा बालिका दुइ वा सो भन्दा बढी बाल समुहको नेतृत्वमा बस्न पाइनेछैन । तर बाल समुहका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न पाउनेछ ।

७. समुदायमा आधारित बाल समुहको नेतृत्व न्युनतम प्रत्येक २ बर्षमा परिवर्तन हुन पर्दछ भने विद्यालयमा आधारित बाल समुहको नेतृत्व परिवर्तन हरेक बर्ष हुनुपर्दछ ।

८. एकै ब्यक्ति बाल समुहको एउटै पदमा एक कार्यकाल भन्दा बढि समय बस्न हुँदैन ।

९. बाल समुहका सदस्यहरु बिचमा नेतृत्व चयनका सन्दर्भमा विवादहरु आएमा निम्न अभ्यासहरु गर्नुपर्नेछ :

- ✓ नेतृत्व गर्न चाहने सदस्यले आफुले बाल समुहलाई कसरी सकृय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा ब्यक्त नगरी छोटो प्रस्तुती गर्न लगाउने ।

- ✓ नेतृत्व गर्न चाहने सदस्यहरु बिच मात्र छलफल गराइ सहमती गराउने ।
- ✓ नेतृत्वलाई चक्रीय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।
- ✓ नेतृत्व गर्न चाहनेहरु बिच विभिन्न समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।
- ✓ माथी उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरुमाफ मतदान गराउने । यसरी मतदान गराउँदा प्रचार प्रसार गर्न नपाउने ब्यबस्था गर्ने ।

## ८.सञ्जालहरुको गठन

१.बाल समुहहरुबिच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामुहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सृजना गर्न बाल समुह सञ्जालको गठन गरिनेछ ।

२. बाल समुह सञ्जाल वडा/गाउपालिका/नगर स्तरमा गठन गरिनेछ । स्थानीय तहमा आवश्यक्ता महसुस भएमा जिल्ला तहमा पनि बाल समुह सञ्जाल गठन गरी सञ्चालन गर्न सकिनेछ ।

३. बाल समुह सञ्जाल गठन गर्नका लागि (वडा,गाउपालिका वा नगरा) तहमा बाल समुहहरुको प्रतिनिधि भेलाको आयोजना गरिनेछ ।

४. यसरी भेला आयोजना गर्दा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल समुहहरुलाई भेलाको मिति भन्दा १० दिन अगावै सुचना प्रदान गरिनुपर्दछ । सुचनामा निम्न जानकारीहरु आवश्यक हुन्छ : भेलाको मिति, समय र स्थान, भेलामा छलफल हुने विषयहरु, भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल समुहको प्रतिनिधि संख्या (जातजाती, लिंग समेत तय गरिएको भए) सो समेत स्पष्ट गरी, भेलामा सहभागीका लागि उपलब्ध हुने सुविधा, भेलामा सहभागीका लागि उपलब्ध नहुने सुविधा, अन्य ।

५. बाल समुहका प्रतिनिधिहरुले भेलामा सहभागी हुन निम्न कुराहरु अनिवार्य हुनेछ :

- आफ्नो बाल समुहमा छलफल गरी निर्णय गरेको हुनुपर्दछ,
- विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमती दिइएको हुनुपर्दछ,
- समुदायमा आधारित बाल समुहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमती ।

६. वडा,गाँउपालिका तथा नगरस्तरिय बालभेलाका लागि सहभागीको छनौट :

**क) वडाभेला:**

- ✓ **वडा अर्न्तगत प्रत्येक** समुदाय तथ टोल स्तरमा गठन भएका बालक्लवका सदस्यहरुको भेलाले आफु मध्येवाट छनौट गरि पठाएका ३ जना (बालक १, बालिका १ र अपाँगत, दलित तथा लोपन्मुख समुदायवाट १ जना )
- ✓ वडा अर्न्तगत पर्ने बिद्यालयमा गठित बालसमुहको भेलाले छनौट गरि पठाएका २ जना (बालक १ र बालिका १)

**ख) गाँउ/नगर/उपमहानगरपालिका स्तरीय बालभेला :** गाँउ नगर तथा उपमहानगरपालिका अर्न्तगतका वडास्तरीय बालसंजालले आफु मध्येवाट छनौट गरि पठाएका ३ देखी ५ जना (बालक १, बालिका १ र बालिका,अपाँगता, दलित तथा लोपन्मुख समुदायवाट ३ जना ) सम्मको बालप्रतिनिधिहरु ।

८. सञ्जालको नेतृत्व चयन पनि भेलाको सहमतीको आधारमा नियम ८ मा ब्यबस्था भए बमोजिमको गरिनुपर्दछ ।

९. सञ्जालको नेतृत्वको पुनर्गठन प्रत्येक १ बर्षमा गर्नुपर्दछ ।

## ९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको ब्यबस्थापन

१. बाल समुह तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकाहरुमाफ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्नका लागि सकेसम्म चुनाव हुने अवस्था आउन दिनुहुँदैन ।

२. सम क्षमताका प्रतिस्पर्धिहरुलाई सहमती गराई एक आपसलाई स्विकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नुपर्नेछ ।

३. प्रतिस्पर्धी बालबालीकहरुलाई चक्रिय नेतृत्व, संयोजन समुह वा उपसमितिहरुको गठनबाट पनि विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरुको भुमिका र सक्रिययतालाई सहयोग गर्न सकिनेछ ।

४. बालबालिकाहरुमाफ हुने प्रतिस्पर्धामा वयस्कहरुको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

## १०. आवद्दता तथा सुचिकरण

१.समुदायमा तथा विद्यालयमा गठन भएका बाल समुहहरु गठन भएको १ महिनाभित्र स्थानीय तह (गाँउपालिका, नगरपालिका र वडा कार्यालय) मा सुचिकृत हुनुपर्दछ ।

२. विद्यालयमा गठन भएका बाल समुहको आवद्दता स्वयं विद्यालयसँग र समुदायमा गठन भएका बाल समुहको आवद्दता स्थानीय तहका वडा कार्यालय, गाँउपालिका वा नगरपालिकाको कार्यालयसँग रहन्छ ।

३. बाल समुह सुचिकरण हुँदा नाम, उद्देश्य, कार्यसमितिको नाम, सहजकर्ताको नाम र सम्पर्क, आवद्द निकाय खुलाइएको हुनुपर्दछ ।
४. सुचिकृत बाल समुहहरु हरेक बर्ष अद्यावधिक हुनुपर्दछ । यसरी अद्यावधिक हुँदा अद्यावधिकको निवेदन, बाल समुहको बार्षिक भेलाको उपस्थिती र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क र बाल समुहले अघिल्लो बर्ष सम्पन्न गरेका कार्यक्रमहरुको सुची संलग्न गर्नुपर्दछ ।
५. विद्यालयमा आधारित बाल समुहले नविकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिशपत्र पनि आवश्यक पर्दछ
६. बाल समुहको नाम भेलाका सहभागी बालबालिकाहरुले आपसी सहमतीमा जुराउनेछन् । बाल समुहको नाम त्यसै क्षेत्रको अर्को बाल समुहको नामसँग मिलेमा अर्को नाम राख्नुपर्नेछ ।
७. बाल समुहको नामसँग कुनै पनि निजि वा गैससहरुले आफ्नो नाम जोड्न हुँदैन ।
८. स्थानीय निकायमा बाल समुह सुचिकरण हुनुको अर्थ स्थानीय निकायबाट आर्थिक वा अन्य श्रोत उपलब्ध हुने सुनिश्चितता मानिने छैन ।
९. बाल समुहको सुचिकरण तथा नविकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणीत र सहमती गर्नुपर्नेछ ।
१०. सुचिकृत तथा नविकरण भएका बालक्लबको विवरण सम्वन्धित स्थानीय तहले बालबालबालिकाको स्थिति प्रकाशनसंगै समावेश गरी प्रकाशन गर्नुपर्नेछ

## **परिच्छेद ३ : सहजकर्ता सम्बन्धि ब्यबस्था**

### **११. सहजकर्ता संस्था, निकाय र ब्यक्तिहरुः**

१. बाल समुहको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थितीमा मान्य हुनेछैन ।
२. प्रत्येक बाल समुहको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुन्छ ।
३. सहजकर्ताले बाल समुहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरुलाई सही र उपयुक्त उपायहरु सुझाउने तथा श्रोत सम्म उनीहरुको पहुँच बनाउन सहयोग गर्नुपर्नेछ ।
४. बाल समुहका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ता ब्यक्ति, संस्था वा निकायको पनि नैतिक जिम्मेवारी रहनेछ ।
५. सहजकर्ताको छनौट प्रकृयामा बाल समुहको सहमती र स्विकार्यता अनिवार्य रहनेछ ।

### **१२. वयस्क सहजकर्ताको चयन**

१. प्रत्येक बाल समुहको वयस्क सहजकर्ता अनिवार्य हुनुपर्नेछ ।
२. वयस्क सहजकर्ता बाल समुह गठन गर्न सहयोग गर्ने संस्था वा स्थानीय निकायले नियुक्त गर्नेछ ।
३. वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल समुहसँग कुनै पारिश्रमिक लिन हुँदैन । तर सहयोगी संस्था वा स्थानीय निकायले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।
४. वयस्क सहजकर्ता न्युनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ४० बर्ष उमेर समुहको ब्यक्ति हुनेछ ।
५.विद्यालयमा आधारित बाल समुहको सहजकर्ता शिक्षककहरुमध्येबाट, समुदायमा आधारित बाल समुहको सहजकर्ता स्थानीय बाल संरक्षण समिति वा बाल मैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।
६.सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयक सहजकर्ता स्थानीय ब्यक्ति हुनुपर्नेछ
७. बाल समुहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको ब्यक्ति हुनुपर्दछ :

- ✓ बाल समुहका पुर्व सदस्य भएकालाई प्राथमिकता दिइनुपर्नेछ ।
- ✓ बाल अधिकारबारे जानकार, सचेत, संवेदनशिल तथा तालिम प्राप्त ।
- ✓ बाल मैत्री ब्यबहारबारे सचेत र अभ्यस्त ।
- ✓ बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।
- ✓ बालबालिकाविरुद्द कुनै पनि हिंसा नगर्न प्रतिबद्द ।
- ✓ कुनै पनि राजनितिक दल वा राजनितिक सँगठनको सकृय जिम्मेवारीमा नरहेको ।
- ✓ फौज्दारी अपराधमा संलग्न नभएको ।
- ✓ स्थानीय समुदायमा बसोबास भएको ।
- ✓ बाल समुहका पुर्व सदस्य भएका ब्यक्तिहरुलाई प्राथमिकता दिइनुपर्दछ ।
- ✓ मदिरा, सुर्ती, चुरोट, लागु औषधको अम्मल नभएको ब्यक्ति ।

## १४.वयस्क सहजकर्ताको भुमिका र सिमितता

१. स्थानीय वयस्क सहजकर्ता बाल अधिकार प्रति प्रतिबद्द, स्वयंसेवी भावनाको र माथी १३ (७) मा उल्लेख गरिएको योग्यता भएको ब्यक्ति हुनुपर्दछ ।

२ .वयस्क सहजकर्ताले बाल समुहमा निम्न भुमिकाहरु निर्वाह गर्नुपर्दछ :

- बाल समुहको बैठक, कार्यक्रम योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण ।
- बाल समुहलाई स्थानीय सरोकारवाला निकायहरुसँग सम्पर्क, सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।
- बाल समुहले गर्ने कार्यक्रमहरुका लागि स्थानीय श्रोतहरु जुटाउन सहयोग गर्ने ।
- बाल समुहका सामाग्रीहरुको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने र सम्पत्तीको संरक्षण गर्ने ।
- बाल समुहका सदस्यहरुमाफ आएका विवादहरुको समाधान गर्न सहयोग गर्ने ।
- बाल समुह र स्थानीय समुदायबिच तनाव उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने ।
- बाल समुहलाई बाल अधिकार लगायतका स्थानीय विकासका सवाल सम्बन्धि सुचना सामाग्रीहरु उपलब्ध गराउन पहल गर्ने ।
- आवश्यक्ता अनुसार बाल अधिकार, बाल सहभागिता, बाल समुह सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरुमा सहभागी हुने ।
- बाल समुहका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनपरेमा वयस्क संरक्षकको भुमिका निभाउने

३. वयस्क सहजकर्ताले बाल समुहको सहजीकरण गर्दा निम्न कार्यहरु गर्न हुँदैन :

- बाल समुहको बैठक तथा छलफल आफैले सन्चालन गर्ने ।
- बाल समुहको योजना आफैले बनाउने, निर्णहरु आफैले गर्ने र सदस्यहरुलाई निर्णयमा सहमत मात्र गराउने ।
- बाल समुहलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने ।
- बाल समुहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरुमा प्रतिनिधित्व गर्ने ।
- बाल समुहका सदस्यहरुलाई हप्काउने, हिसा, दुर्व्यवहार गर्ने वा धम्कि दिने ।
- बाल समुहका सदस्यहरुमाफ जात, धर्म, लिंग, उमेर, शारिरिक तथा आथिर्क हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।
- बाल समुहका सम्पत्ती, बचत रकमहरु जथाभावी प्रयोग गर्ने वा ब्यक्तिगत हितमा उपयोग गर्ने ।
- बाल समुहका सदस्यहरुलाई एक अर्काविरुद्द भड्काउने, कुनै निश्चित ब्यक्ति, जाती, समुह, सम्प्रदाय, दल तथा सँगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने।
- बाल समुहका सदस्यहरुलाई हिंसात्मक गतिविधि, सार्वजनिक धन जनमा क्षती पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।
- बाल समुहका सदस्यहरुको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरुमा संलग्न गराउने ।

४. सहजकर्ताले नियम १४ (३)मा उल्लेख भए अनुसारको ब्यबहार तथा गतिविधि गरेको भन्ने शंका लाग्ने जो कोहीले पनि आवश्यक प्रमाण सहित सम्बन्धित स्थानीय निकाय वा सहयोगी संस्था वा विद्यालयमा उजुरी दिन सक्नेछ ।

५. सहजकर्ताविरुद्द परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई नसिहत दिने, सहजकर्ताबाट हटाउने वा आगामि निश्चित अवधीसम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पदबाट हटाउने निर्णय नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ।

६. उजुरीका छानविन तथा निर्णयक्रममा सम्बनिधत सहजकर्तालाई आफ्नो भनाइ र स्पष्टीकरण राख्ने अवसरबाट बंचित गरिनेछैन ।

## परिच्छेद ४ : बाल समुहको बैठक तथा कार्यक्रम सम्बन्धि ब्यवस्था

### १५. नियमित बैठक तथा छलफलका विषयहरु

१. बाल समुहको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरुका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र आयोजना गरिनुपर्नेछ ।

२. बाल समुहको बैठकमा वयस्क सहजकर्ताको उपस्थिती अनिवार्य हुनुपर्नेछ ।

३. बाल समुहको बैठक अधिकतम २ घण्टाभन्दा बढी समय बस्नुहुँदैन ।
४. बाल समुहको बैठकको बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नुपर्नेछ ।
५. बाल समुहको बैठकमा सामान्यतया निम्न प्रस्तावहरुमा छलफल हुने सक्नेछ :

- ✓ अघिल्लो बैठकपछी भएका कार्यक्रम तथा प्रगतीहरुको समिक्षा
- ✓ बाल समुहका बारेमा सदस्य तथा अन्य बालबालिकाक र व्यक्तिहरुको धारणा
- ✓ स्थानीय बाल अधिकारको सवाल र गर्नुपर्ने गतिविधि
- ✓ आगामी कार्यक्रमको तय, जिम्मेवारी विभाजन र श्रोत संकलन

**१६. कार्यक्रम योजना निर्माण**

१. बाल समुहको बैठक तथा बार्षिक भेलाले कार्यक्रम योजना निर्माण गर्नुपर्दछ । यसरी योजना निर्माण गर्दा मासिक एउटा भन्दा धेरै गतिविधिहरु राख्नुहुँदैन ।

२. बाल समुहको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाइनुपर्नेछ ।

३. बाल समुहको कार्यक्रम मुलत निम्न विषयमा केन्द्रीत हुनुपर्दछ :

३.१:बाल अधिकारको प्रचार प्रसार : बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडीयो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बाल अधिकारका बारेमा प्रचार प्रसार गर्न सक्दछन् ।

३.२ :बाल अधिकार अनुगमन : बाल समुहहरुले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरुको समुह छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बाल अधिकारको अवस्था के कस्तो छ भनी अनुगमन गर्न सक्छन् । यसरी बाल समुहले पत्ता लगाएका कुराहरु विद्यालय ब्यबस्थापन समिति, गाउँ विकास समिति तथा नगरपालिकाको कार्यालय, गाउँ तथा नगर शिक्षा समिति, बाल संरक्षण समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्छन् ।

३.३ सेवाका लागि सम्प्रेषण र सुझाव : बाल समुहहरुले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार तथा शिक्षा स्वास्थ्यबाट बंचित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरु आएमा सेवा प्रदायक संस्थाहरुसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्न सक्दछन् । उनीहरुले ती साथीहरुलाई सेवा प्रदायकहरुको सम्पर्क ठेगाना दिएर पनि सघाउन सक्छन् ।

३.४ शैक्षिक तथा ब्यक्तित्व विकासका कार्यक्रमहरु : बाल समुहहरुले सदस्यहरुका लागि ब्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरु, खेलकुदका गतिविधिहरु, छोटो समयका विभिन्न सिप कलाका प्रशिक्षणहरु पनि चलाउन सक्छन् ।

३.५ सामुदायिक स्वयंसेवा : बाल समुहका १४ बर्ष भन्दा माथी उमेरका बालबालिकाहरुले सुरक्षीत ढंगले वयस्कहरुको साथमा सामुदायिक स्वयंसेवा पनि गर्न सक्छन् । यस्तो सामुदायीक स्वयंसेवा दैनिक ६ घण्टाभन्दा बढी हुनुहुँदैन र लगातार ३ घण्टाभन्दा बढी हुन हुँदैन । सामुदायिक स्वयंसेवाका कार्यहरुमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्दछ । प्रचलित कानुनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरीने गतिवीधीमा बालबालिकाले स्वयंसेवा गर्न सक्नेछैनन् ।

३.६ निर्णय प्रकृयालाई प्रभावित पार्ने : बाल समुहहरुले सामुहिक रुपमा वा प्रतिनधि मार्फत बाल अधिकारका सरोकारहरुलाई स्थानीय योजना तथा नितिहरुले सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधी मण्डल भेटघाट जस्ता कार्यक्रमहरु आयोजना गर्न सक्छन् ।

**१७. बाल समुहले सञ्चालन गर्ने कार्यक्रमहरुको सिमितता:**तल उल्लेखित ढंगले बाल समुहले कार्यक्रमहरु सञ्चालन गर्न हुँदैन :

१. कुनै राजनितिक दल वा उसको भातृ सँगठनको प्रत्यक्ष पक्षपोषण गर्ने ।
२. समुदायको सार्वजनिक वा निजि सम्पत्ती तथा कसैको जीउ ज्यानमाथी क्षती पुग्ने ।
३. समुदायका निश्चित समुह, जाती वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने।
४. हिंसा र दुर्व्यवहार पिडित तथा प्रभावित बालबालिकाको गोपनियता भंग हुने र पहिचान खुल्ने गतिविधीहरु ।
५. साँस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु । तर प्रतिस्पर्धा वा आयोजकहरुले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ ।

६. उचित सुरक्षाको प्रबन्ध र आवश्यक पुर्व अनुमती बेगर सहभागीहरु कसैको पनि जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउन ।
७. बाल समुह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि ब्यापार, ब्यबशायहरु ।
८.वयस्कहरुको संस्था वा समुहले जस्तो सिंगो परियोजना सञ्चालन गर्ने वा अन्य धेरै ठुला र लामो समयका गतिविधिहरु गर्न हुँदैन ।
९.सामाजिक शान्ति सुब्यबस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बाल अधिकारकर्मी, स्थानीय बाल संरक्षण समिति तथा बालमैत्री सुशासन समन्वय समितिको परामर्शमा स्थानीय निकाय वा विद्यालयलयले निश्चित गतिविधीलाई रोक लगाउन सक्नेछ।

## परिच्छेद ५ : बाल समुहको सदस्यता सम्बन्धि ब्यबस्था

### १८.सदस्यता वितरण र ब्यबस्थापन

१. बाल समुहले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । बाल समुहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका नै हुनुपर्दछ ।
२. कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बाल समुहले सदस्य बनाउनुपर्दछ ।
३. कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दबाब दिन पाइनेछैन ।
४. सदस्य नभएकै कारण बाल समुहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी नगराउन पाइनेछैन ।
५. सदस्यहरुको अभिलेख बाल समुहले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरु उल्लेख हुनुपर्दछ : नाम थर, ठेगाना, उमेर, लिंग, (विद्यालयमा भए कक्षा), अविभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो ( उपलब्ध भएसम्म) ।
६. श्रोत साधन भएको अवस्थामा बाल समुहले सदस्यता पत्र पनि वितरण गर्न सक्नेछ ।

### १९. प्रतिनिधत्व र सहभागीताको समान अवसरको ब्यबस्थापन

१. बाल समुहका सदस्यहरुमाफ सबैले उपयुक्त अवसरहरु प्राप्त गरुन र आफ्नो ब्यक्तित्व विकास गर्ने समान अवसर प्राप्त गरुन भन्ने मान्यता बाल समुहको नेतृत्व गर्ने समुहले राख्नुर्नेछ ।
२. समान अवसर प्रतिनिधित्वका लागि विषयगत समुहहरु बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर दिन सकिनेछ ।
३. निरन्तर एकै ब्यक्ति हुनुपर्ने वा आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक सकेसम्म पालैपालो सबै सदस्यहरुलाई सहभागिताको अवसर दिनुपर्नेछ ।
४. बाल समुहको प्रतिनिधित्व गर्ने ब्यक्तिले र कुनै कार्यक्रममा जानु अघि आफ्नो समुहका सदस्य र सहजकर्तासँग आफुले के कस्ता सवाल उठाउने भनी छलफल र परामर्श गर्नुपर्नेछ ।
५. बाल समुहका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछी आफ्नो समुहका सदस्यहरु र सहजकर्ताको बैठक राखी आफु सहभागि भएका कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । सकेसम्म एक पेजमा प्रतिवेदन लेखेर बाल समुहको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

### २०. सदस्यहरु बिचको विवादको समाधान

सामान्यतया बाल समुहमा उत्पन्न हुने विवादहरुलाई निम्न ढंगले समाधान गर्न सकिनेछ :
१. बाल समुहको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरुलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो बिचार राख्न लगाउनुपर्दछ ।
२. बाल समुहको बैठक बस्ने छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रकृयाका बारेमा आचारसंहिता निर्माण गर्नुपर्दछ । नमुना आचारसंहिता अनुसुची ६.मा दिइएको छ ।
३. बाल समुहका सदस्यहरुमाफ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरु प्राप्त भएमा, ती कार्यक्रमहरुको सुचि बनाउने र सदस्यहरुलाई आपसी छलफल गरी कार्यक्रमहरुको प्राथमिकता छनौट गर्न लगाउने । कार्यक्रमको छनौट गर्दा निम्न कुराहरुको आधारमा गर्ने :

- बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्दिक विकासका कार्यक्रमहरु पहिलो प्राथमिकतामा गर्ने ।
- बाल अधिकारको प्रचार प्रसार हुने, अविभावक, निर्णयकर्ताहरु तथा समुदायमाफ बालबालिकाको सरोकारहरु प्रस्तुत गरिने कार्यक्रमहरुलाई प्राथमिकतामा दिने ।
- बाल समुहले गर्न नहुने भनेका कार्यक्रमहरु छनौट नगर्ने ।

- बाल समुहलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरु नगर्ने।
- समुदाय र समुदायका अन्य संस्थाहरुसँग द्धन्द वा मनमुटाव हुन सक्ने कार्यक्रमहरु नगर्ने।
- धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्न पर्ने कार्यक्रमहरु नगर्ने ।
- अन्य बाल समुह वा संस्थाले भर्खरै गरिसकेका समान किसीमका कार्यक्रमहरु भए त्यसलाई प्राथमिकतामा पछाडी राख्ने ।

४. बाल समुहका सदस्यहरुमाफ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरु आएमा ती धारणाहरुलाई समावेश गरी साफा धारणा बनाउनुपर्दछ । यसका लागि निम्न कार्यहरु गर्न सकिनेछ

- सबै सदस्यहरुले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरु छोट्करीमा राख्न दिनुपर्दछ । यसरी बिचार राख्दा अरुको बिचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्न हुँदैन ।
- फरक फरक धारणाहरुलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।
- यदी नितान्त विपरित धारणाहरु अएमा बाल समुहको बैठकमा ती फरक धारणाहरुलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरुले ब्यक्त गरेको धारणा अनुसार बाल समुहले गतिविधि गर्नुपर्दछ ।

५. बाल समुहका सदस्यहरुमाफ आर्थिक वा सँगठन ब्यबस्थापनका विषयमा विवाद भएमा :

- बाल समुहका सदस्यहरु बिच  नै विवादको विषयमा छलफल गरी आपसी सहमती सृजना गर्ने ।
- बाल समुहका सदस्यहरुले उठाएको विवादको विषय र उनीहरुले दिएका तर्क तथा प्रमाणहरुको सुचि बनाउने ।
- विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारीत बाल समुहको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धि विवादको छानविन गरी निर्णय प्रदान गर्ने ।

६. बाल समुहभित्र आउने विवादको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्द समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिती हुनुपर्दछ ।

## परिच्छेद ६ : बाल समुह र  संजालको आर्थिक ब्यबस्थापन

### २१. आर्थिक ब्यबस्थापन

१. बाल  समुह र संजाल को आर्थिक श्रोत निम्न हुन सक्नेछन् : मासिक शुल्क, चन्दा तथा सहयोग, संस्थाहरुबाट प्राप्त हुने आर्थिक सहायता, विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता, वडा तथा गाउपालिका  तथा नगरपालिकाबाट प्राप्त हुने आर्थिक सहायता, स्थानीय समुह, निजि क्षेत्रहरुबाट प्राप्त हुने सहायता ।

२. बाल समुहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्दछ । बाल समुहका लागि ३ हजार रुपियाँ भन्दा बढीको सहयोग दिनपरेमा नगद प्रदान नगरी सोझै जिन्सि वा सेवा खरिद गरी सहयोग गर्नुपर्दछ ।

३. बाल समुहले आर्थिक फछ्र्यौट गर्दा उपब्ध बिल भर्पाइ र आय ब्ययको हस्तलिखित विवरण बुझाएर गर्न सक्नेछन् ।

४. बाल समुहलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न पाइनेछैन ।

५. बाल समुहले आफ्नै विद्यालय वा समुदायमा आर्थिक संकलन गर्नका लागि बालअधिकार संरक्षण र प्रर्बधनका निम्ती कार्यक्रमहरु आयोजना गर्न सक्नेछन् । जस्तैः देउसी भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगीता आदि । यस्ता कार्यक्रम आयोजन हुँदा आवद्ध निकायको स्विकृती, सहजीकरण र सुपरिवेक्षण अनीवार्य रहनेछ ।

६. बाल समुहले संकलन गरेका रकम उनीहरुले आयोजना गर्ने बालमैत्री गतिविधिका निम्ति मात्र खर्च गर्नुपर्नेछ । यस्तो रकम छात्रवृत्तीका लागि, भौतिक पुर्वाधारहरुको निर्माण, मर्मत सम्भारका लागि वा कसैलाई पिडित सहायता, आपतकालिन सहायता बापत सहयोग उपलब्ध गराउन खर्च गर्न हुँदैन ।

७. बाल समुहको बार्षिक आय ब्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । बाल समुहले ठुलो रकमको गतिविधि गर्न परेमा सहजकर्ताले आर्थिक ब्यबस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी ब्यबस्थापन गर्दा आथिर्क हिसाब किताब बाल समुहबाट अनुमोदन गराउनुपर्नेछ ।

## परिच्छेद७ : बाल समुह र अन्य निकायहरुको सम्बन्ध र सहकार्य

### २२. स्थानीय तह (वडा/गाउँ पालिका तथा नगरपालिका) सँगको सम्बन्ध र सहकार्य

१. सबै बाल समुह र संजालले आफ्नो स्थानीय  स्थानिय तह (**वडा/गाउँ पालिका तथा नगरपालिकाको**कार्यालयमा सुचिकरण तथा नविकरण हुनुपर्नेछ ।

२. स्थानीय निकायले आफ्नो क्षेत्रभित्रको बाल समुहको विवरण अद्यावधिक गर्नेछ

३. स्थानीय निकायले आफ्नो बार्षिक बजेट तथा कार्यक्रममा बाल समुहका गतिविधि, बाल समुह र सहजकर्ताको प्रशिक्षण तथा बाल समुह प्रतिनिधिको परामर्श कार्यक्रमहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. बाल समुहले स्थानीय निकायसँग स्थानीय विकासमा बालबालिका सम्बन्धि योजना तथा कार्यक्रम, सुविधा र उपलब्धीहरुको बारेमा सुचना माग गर्ने, त्यस्ता जानकारीहरु प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सुविधाहरुको बाल अनुगमन गर्नसक्नेछ ।

५. बाल समुहले स्थानीय निकायसँग आफ्ना कार्यक्रमहरुका लागि आर्थिक सहायता तथा प्राविधिक र सामाग्री सहयोगको माग गर्न सक्नेछ ।

६. बाल समुहले हरेक बर्ष आफुले गरेका कार्यक्रमहरुको सुचि र विवरण तोकिएको ढाँचामा स्थानीय निकायलाई उपलब्ध गराउनुपर्नेछ ।

## २३. बालबालिका सम्बन्धि स्थानीय समितिहरुसँगको सम्बन्ध र सहकार्य

१. स्थानीय तहमा वडा बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँ शिक्षा समिति र स्थानीय विपद ब्यबस्थापन तथा जोखिम न्युनिकरण समिति, गाउँ स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाइ समितिहरु बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने समिति हुन् ।

२. यी समितिहरुमा बाल समुह वा सञ्जालका प्रतिनिधिहरु सदस्य वा पर्यवेक्षकको रुपमा सहभागी गराइनुपर्दछ।

३. यी समितिहरुको बार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल समुहसँग साझेदारीमा गरिने गतिविधीहरु तय गरिनुपर्दछ ।

४.यी समितिहरुले बाल परामर्श तथा विभिन्न समयमा बाल समुह तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरुलाई स्थानीय निकायको योजना प्रकृयामा पैरवी गर्नुपर्दछ ।

५. यी समितिहरुले बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नपर्ने समस्याहरुमा कार्वाही गर्न सम्बन्धित निकायहरुमाफ समन्वय गर्ने कार्य गर्नुपर्दछ ।

६. यी समितिहरुले बाल समुहका गतिविधीहरुलाई प्रोत्साहित गर्न उत्कृष्ट बाल समुह पुरस्कार तथा सम्मानका कार्यक्रमहरु गर्न सक्छन् ।

## २४. विद्यालय ब्यबस्थापन समिति

१. विद्यालयमा रहेका बाल समुहहरु विद्यालय ब्यबस्थापन समितिसँग आवद्ध हुनुपर्दछ ।

२.विद्यालयको बार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनामा बालबालिकासँग परामर्श, बाल समुहका गतिविधिलाई सहयोगका कार्यक्रमहरु उल्लेख गरिनुपर्दछ ।

३.विद्यालय ब्यबस्थापन समितिमा बाल समुहका प्रतिनिधिलाई पर्यवेक्षकको रुपमा सहभागी गराइनुपर्दछ र बैठकहरुमा बालबालिकाका सरोकारहरु प्रस्तुत गर्न लगाउनुपर्दछ ।

४.विद्यालय ब्यबसथापन समितिको बैठकमा छलफल हुने संवेदनशिल र विवाद सृजना हुन सक्ने विषयहरु जस्तै : शिक्षक नियुक्ती र कार्वाही, निर्माण ठेक्का पट्टा तथा अनियमतिताका विवादहरुको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइनु हुँदैन ।

५. विद्यालयमा रहने शिक्षकको ब्यबहारिक सीप तथा शैलि, निर्माण गरिने भौतिक संरचनाका स्वरुप र गुणस्तरका विषयहरुमा भने बाल समुहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन गरिनुपर्दछ ।

## २५. अन्य संघ संस्था तथा सेवा प्रदायक निकायहरु

१. स्थानीय तहमा क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरु लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रकृयामा बाल समुहका प्रतिनीधिहरुसँग परामर्श गर्नुपर्दछ ।

२. संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको लागि नि शुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरुको बारेमा प्रचार प्रसार गर्न, सेवाका लागि सम्प्रेषण गर्न तथा सेवा, सुविधा तथा कार्यक्रमहरुको प्रभावकारिताको अनुगमन गर्न बाल समुहसँग सहकार्य गर्न सक्छन् ।

३. सेवा प्रदायक निकायहरुले बाल समुहका सदस्य तथा बाल समुहसँग सहकार्य र परामर्श कार्यहरु गर्दा उनीहरुको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्न र सकेसम्म विद्यालय समयमा असर पार्न हुँदैन ।

४. सेवा प्रदायका निकायहरुले बाल समुहका सदस्यहरुलाई अनिवार्य सहभागीताको नियम लागु गर्न हुँदैन ।

५. सेवा प्रदायका निकायहरुले बालबालिकालाई जोखिमपुर्ण हुने विवादित विषय, फौज्दारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरुको राय वा निश्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन हुँदैन । तर न्यायीक प्रकृयामा प्रभावित बालबालिकासँग गरिने परामर्श भने गर्न सकिन्छ ।

६. सेवा प्रदायक निकायहरुले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यबापत भत्ता वा ज्याला प्रदान गर्ने कार्य गर्न हुँदैन ।

**२६. योजना तर्जुमामा बाल समुह प्रतिनिधित्वको ब्यवस्था**

१. स्थानीय निकायबाट हुने योजना निर्माण चक्रमा बाल समुहको प्रतिनिधित्व र सहभागीता अनिवार्य हुनेछ ।

२. बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समुहका सदस्य वा प्रतिनिधिहरुलाई निमन्त्रणा गरिनेछ । भेलामा उनीहरुको सरोकार राख्न निश्चित समय प्रदान गरिनेछ ।

३. वडा स्तर, गाँउपालिका स्तर र नगरपालिका स्तर वा जिल्ला स्तरमा तोकिएको प्रकृयामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकाको परामर्श गरिनुपर्नेछ ।

४. योजना निर्माण तथा बजेट विनियोजनमा बाल समुहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सुचना जारी गरिनुपर्नेछ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

## परिच्छेद ८ : बाल समुहको सम्मिलन र विघटन सम्बन्धि ब्यवस्था

**२७. बाल समुहको सम्मिलन**

१. दुइ वा दुइ भन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बाल समुहहरु सम्मिलन हुन सक्दछन् ।

२. फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल समुहहरु सम्मिलन हुन सक्दैनन् ।

३. सम्मिलनमा जानका लागि चाहने बाल समुहले समुहको सहजकर्ताको उपस्थितीमा सदस्यहरुको भेलाले सम्मेलनमा जाने निर्णय गर्नुपर्नेछ ।

४. सम्मीलन गर्न चाहने सबै बाल समुहका सहजकर्ता समेतको उपस्थितीमा सदस्यहरुको भेला आयोजना गरि माथी नियम ७ मा उल्लेख भए अनुसार नयाँ कार्य समिति चयन गर्नुपर्नेछ ।

५. सम्मिलनपश्चात नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित स्थानीय निकायमा सम्मिलनको जानकारी दिइनुपर्दछ ।

६. यसरी सम्मिलनपछी सम्मिलन भएका बाल समुहको सुचिकरण खारेज हुनेछ र नयाँ बाल समुह सुचिकृत हुनेछ ।

**२८. बाल समुहको विघटन**

बाल समुह निम्न अवस्थामा विघटन भएको मानिनेछ :

१. बाल समुह निरन्तर २ बर्ष सम्म अद्यावधिक नभएमा । अद्यावधिक नभएका बाल समुहलाई विघटन गर्नुअघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सुचित गरिनेछ ।

२. बाल समुहका बहुमत सदस्यहरुले बाल समुह बिघटन गर्ने निर्णय गरेमा ।

३. विद्यालयले उपयुक्त कारण दर्शाइ विद्यालयमा आधारित बाल समुह बिघटन गर्न सिफारिस गरेमा ।

४. आवद्ध स्थानीय निकाय, संस्था वा समुहले उपयुक्त कारण देखाइए बाल समुह बिघटन गर्न सिफारिस गरेमा ।५. माथी ३ र ४ अनुसार बिघटन हुनुपुर्व सार्वजनिक सुचना र बाल समुहका सदस्यहरुसँग छलफल गरिनेछ ।

६. बिघटन भएका बाल समुह स्थानीय निकायको सुचिकरणबाट स्वत खारेज हुनेछ ।

७. बिघटन भएका बाल समुहका सम्पत्ती तथा दस्तावेजहरु सम्बन्धित विद्यालय वा स्थानीय निकायले जिम्मामा लिनेछ र अर्को बाल समुह गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

## परिच्छेद ९ : विविध

**२९. बाल समुहभित्र दलगत राजनितिक प्रभावलाई न्युनीकरण गर्ने**

१. बाल समुहका सदस्यहरु तथा वयस्क सहजकर्ता कुनै पनि राजनितिक दल वा दलका भातृ सँगठनको नेतृत्वमा नरहेको ब्यक्ति हुनुपर्दछ ।

२. बाल समुहले विभिन्न राजनितिक दलहरुसँग बाल अधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल आयोजना गर्न सक्छन् ।

३. बाल समुहले कुनै एक राजनितिक दल वा समुहसँग मात्र संयुक्त कार्यक्रमहरु आयोजना गर्न हुँदैन ।

४. बाल समुहले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनितिक ब्यक्ती बाहेक अन्य राजनितिक दलका प्रतिनिधि वा ब्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत ब्यक्ती बनाउन हुँदैन ।

५. बाल समुहले कुनै एक राजनितिक दलको मात्र पक्ष वा विपक्षमा हुने गरी कार्यक्रम तथा गतिविधिहरु सन्चालन गर्न हुँदैन ।

६. बाल समुहले राजनितिक दल वा भातृ सँगठनका बारेमा विशेष जानकारी दिन वा उसको सदस्य बन्न प्रेरित गर्न कार्यक्रम तथा गतिविधिहरु गर्न हुँदैन ।

**३०. बाल समुह र संजालभित्र सदभाव, सद्ब्यबहार र सुरक्षीत अभ्यास प्रवर्द्धन गर्ने**

१. बाल समुहले आफ्नो सँगठन निर्माण, ब्यबस्थापन तथा कार्य प्रकृयाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नुपर्दछ ।

२. बाल समुह तथा यसका सदस्यहरुले सामाजिक कुरीती, भेदभावको अभ्यास र गलत प्रचलनहरुका पक्षमा नबोल्न र त्यस्ता अभ्यासहरु नगर्न सदस्यहरुलाई प्रशिक्षित गरिनुपर्दछ।
३. बाल समुहका सदस्यहरुलाई सबै धर्म, जाती र समुदायबिच सम्मान गर्न, उनीहरुको असल संस्कृती र अभ्यासहरुका बारेमा बुझ्न विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरु आयोजना गर्न सकिन्छ ।
४. बाल समुहको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने ब्यबस्था गरिनुपर्दछ ।
५. बाल समुहको बैठकमा संस्कृति छलफलका प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरुले पालैपालो आफ्नो धर्म, संस्कृतीका बारेमा र असल कुराहरुका बारेमा प्रस्तुती र छलफल गर्ने नियम बनाउन पनि सकिन्छ ।

**३१. बाल समुहका गतिविधिबारे साझा सुनुवाइको ब्यबस्था गर्ने**

१. कुनै पनि बाल समुह गठन गरिनु अघि उक्त समुदाय तथा विद्यालयमा बाल समुहको आवश्यक्ता, अवसर र सम्भावनाहरुबारे अविभावक अनुशिक्षण आयोजना गरिनुपर्दछ ।
२. बाल समुहले आयोजना गर्ने सबै गतिविधिहरुलाई बालबालिका तथा समुदायले रुचिकर नमान्न पनि सक्छन् । त्यसैले बाल समुहको गतिविधिहरुको बारेमा गुनासो र प्रतिक्रिया दिने ब्यबस्था गरिनुपर्दछ । आएका सुझावहरुलाई सहजकर्ता र बाल समुहका प्रतिनिधिहरुबसी उक्त सुझावका आधारमा बाल समुहका गतिविधिहरुमा सुधार गरिनुपर्दछ ।
३. सुझाव वा गुनासाको मात्रै आधारमा बाल समुह विघटन गर्ने वा बाल समुहका गतिविधिहरुलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न हुँदैन ।
४. विद्यालयमा आधारित बाल समुहका गतिविधिहरुका बारेमा समुदाय तथा अविभावकहरुले विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्दछन् ।

**अनुसुचीहरु**

**अनुसुची १ : बाल समुहको नियम ढाँचा**

क) बाल समुहको परिचय

नाम :
ठेगाना :
सुचिकरण नम्बर :

ख) बाल समुहको उद्देश्य र विषयहरु

१.
२.
३.
४.

ग) बाल समुहको सँगठन

१. सदस्य बन्ने तरिका
२. नेतृत्व चुन्ने तरिका
३. विघटन हुने
४. सदस्य बन्न नपाउने ब्यक्तिहरु
५. नेतृत्वमा चुनिन नपाउने ब्यक्तिहरु

घ) बाल समुहका सदस्यले पालन गर्नुपर्ने नियमहरु

१. सदस्य भइसकेपछी पालन गर्ने नियमहरु
२. नेतृत्वमा निर्वाचित भए पछी पालन गर्ने नियमहरु
३. बैठकमा पालन गर्ने नियमहरु
४. अन्य बाल समुहका सदस्य, बालबालिका तथा निकायसँग ब्यबहार गर्ने नियमहरु

ङ) बाल समुहको आर्थिक श्रोत

१. सदस्यता शुल्क
२. नविकरण शुल्क
३. अन्य सहायता र श्रोतहरु
४. पैसाा जम्मा गरी राख्ने ठाउँ
५. आम्दानी र खर्च विवरण कसले राख्ने

च) अन्य विषयहरु

## अनुसुची २ : बाल समुहका लागि आवश्यक आधारभुत सामाग्रीहरु

१. बाल समुहको सामाग्री राख्नका लागि बाक्सा वा दराज
२. माइन्युट कपी
३. कार्यक्रम विवरण लेख्ने कपी
४. बाल समुहको नियम
५. बाल समुहका अध्ययन सामाग्रीहरु
६. बाल समुहको आम्दानी र खर्च लेख्ने लेखा कापी
७. कलम
८. आवश्यक्ता अनुसार खेल, शैक्षिक तथा मनोरन्जनमुलक सामाग्रीहरु

## अनुसुची ३ : बाल समुह कार्ययोजना फारम

बाल समुहको नाम : बाल समुहको ठेगाना:
वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:
सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :
सुचिकरण नं. :...........................

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत ब्यबस्था | प्रमुख जिम्मेवार सदस्यहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसुची ४ : बाल समुह कार्यप्रगती विवरण फारम

बाल समुहको नाम : बाल समुहको ठेगाना:
वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:
सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :
सुचिकरण नं. :...........................

| **सम्पन्न कार्यक्रमको नाम** | **विषय** | **कार्यक्रम भएको स्थान** | **मिति** | **खर्च भएको रकम र श्रोत** | **सहभागी संख्या** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसुची ५ : बाल समुह बैठक माइन्युटको नमुना

बाल समुहको नाम : .................................... बैठक संख्या:
बैठक मिति : बैठक स्थान:
वयस्क सहजकर्ताको नाम :

आज मिति ............मा .............. बाल समुहको बैठक समुहका ................को अध्यक्षतामा बस्यो। बैठकमा उपस्थित सदस्यहरुमाझ तल उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो।

उपस्थिती
वयस्क सहजकर्ता :
आमन्त्रित (कोही भए)

बाल समुहका सदस्य तथा पदाधिकारीहरु

प्रस्तावहरु
क)
ख)
ग)

निर्णयहरु
क)
ख)
ग)

अनुसुचि ६ बालक्लवका पदाधिकारीहरुका लागि नमुना आचारसंहिता

- कुनै पनि प्रकारको मद्यपान, धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन नगर्ने ।
- आफुलाई सधै अध्ययनशिल राख्दै हरेक क्रियाकलापहरुलाई फरक किसिमले गर्न चाहाने १८ वर्षको उमेर भन्दा कम उमेरमा वैबाहिक सम्बन्ध कायम नगर्ने एवं अरुलाई पनि बालविवाह गर्न प्रोत्साहित नगर्ने ।
- विद्‌यालयमा नियमितरुपमा जानेछन्‌ र विद्‌यालयमा पढाई तथा अतिरिक्त क्रियाकलापहरुमा सक्रिय सहभागिता जनाउने ।
- टुहुरा, अपांग, असहाय आफ्ना साथीहरुलाई विशेष सहयोग गर्ने र उनीहरुसँगको बालमैत्री व्यवहारलाई बढावा दिने ।
- विद्यालय हातामा धुम्रपान, मद्ययपान, सुर्तिजन्य पदार्थ तथा मादक पदार्थ सेवन नगर्न तथा विद्‌यालयको पढाईमा बाधा नपुर्‌याउन अभिभावकहरुलाई सहजीकरण गर्ने ।
- विद्‌यालय तथा घरमा अनुशासित भएर आफुलाई प्रर्दशन गर्ने र फजुल समयलाई सृजनात्मक रुपमा प्रयोग गर्ने ।
- वडापालिका, गाँउपालिका र नगरपालिकाका बैठक, परिषद, विद्यालय व्यवस्थापन समिति र हरे स्तरका हरेक निर्णय प्रक्रियामा पालैपालो गरेर सहभागिता जनाउँने र बालबालिकाहरुका समस्याहरु खुलारुपमा प्रस्तुत्‌ गर्ने ।
- बालअधिकार सम्वन्धी अभियानमुखि क्रियाकलापहरु संचालन गर्दा विभिन्न सहयोगी साभ्फेदार निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।
- मोबाईल एवं विद्युतिय उपकरणहरुको दुरुपयोग नगर्ने सकभर विद्यालयमा मोवाईलको प्रयोग नगर्ने ।
- आफ्नो अधिकारको माग गर्दा अरुको अधिकारको पनि ख्याल गर्ने ।
- आफ्नो साथीहरुलाई जातिय वा लैगिक हिसावले भेदभाव नगर्ने ,
- आफु भन्दा सानो उमेरका भाई बहिनीहरुलाई माया गर्ने र उनीहरुलाई नहेप्ने ,

आज्ञाले,
नाम:भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत